स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



भदौ १४ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'ऐंचो पैंचो'मा अभिनेत्री वर्षा राउतको धेरै रोल काटिएको र महत्वपूर्ण पोस्टरमा आफ्नो फोटो सबैभन्दा कुनामा राखिएको प्रति उनी निर्देशक तथा निर्मात्री कृषा चौलागाईंसँग असन्तुष्ट रहेको भन्दै मिडियामा व्यापक चर्चा भैरहेको छ । ट्रेलर सार्वजनिकपछि फिल्मको प्रचारमा सक्रिय रहेकी वर्षाले मेकरसँग आषनो केही चित्त दुखाई भए सिधै भन्न सक्ने बताएकी छन् । यसका लागि आफूले मिडियाको माध्यम नखोज्ने उनको भनाई छ ।

**आजको विचार...**



संसदमा...

(दुई पेजमा)

युवराज चौलागाई

आगामी भदौ २९ गतेबाट प्रदर्शन हुने तयारीमा रहेको झरना थापाद्वारा निर्देशित फिल्म 'एक भगवत् गीता' दुईवटा कारणले चर्चामा छ । एउटा, अभिनेता विपिन कार्कीको ट्रान्सजेन्डर लुक्स । गत महिना सार्वजनिक भएको टिजरमा उनको कमलामाई अवतारले दर्शकलाई ठूलो 'सरप्राइज' दिएको छ । दोस्रो, पहिलोचोटी अभिनेता धिरज मगर र अभिनेत्री सुहाना थापाको जोडी बाँधिएको छ । यसबीच, फिल्मको 'क्यारेक्टर लुक्स' पोस्टर सार्वजनिक गरिएको छ । जसमा धिरज र सुहाना रोमान्टिक अवतारमा प्रस्तुत छन् । पोस्टरमा धिरज गुरुङ पहिरनमा चित्रित छन् ।



❑ वर्ष २९ ❑ अंक ३४ ❑ २०८० भदौ २ गते शनिबार 19 August 2023, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### हिंसामा तीन जनाको मृत्यु

(रासस-सिन्ह्वा)

**नयाँ दिल्ली,** भदौ १/भारतको उत्तरपूर्वी राज्य मणिपुरमा शुक्रबार बन्दुकधारीहरूले कुकी समुदायका तीनजना सदस्यको हत्या गरेको प्रहरीले जनाएको छ ।

मणिपुरको राजधानी शहर इम्फालबाट करिब ३३ किलोमिटर उत्तरपूर्वमा रहेको उखरुल जिल्लाको थोवाई कुकी गाउँमा दिउँसो ती पुरुषहरूलाई गोली हानी हत्या गरिएको थियो । 'गाउँको पूर्वमा रहेको पहाडबाट हतियारधारी आतङ्ककारीहरूको समूह गाउँमा पसेर गाउँका गार्डहरूमाथि गोली चलाउन थाले । घटनामा गाउँका तीन जनाको मृत्यु भएको छ,' उखरुलका एक वरिष्ठ प्रहरी अधिकारी निङ्शेम वासुमले भने । मारिएका मानिसहरू स्वेच्छाले गाउँको सुरक्षा गरिरहेको बुझिएको छ ।

हत्यापछि सरकारी सेना आक्रमणकारीलाई पक्रन गाउँमा पुगेका थिए । बहुसंख्यक मेइती समूह र आदिवासी कुकी अल्पसंख्यकबीच जातीय द्वन्द्वका कारण जारी हिंसामा हालसम्म राज्यमा १ सय ५० भन्दा बढीको ज्यान गएको छ । भीडले तोडफोड र आगजनी गरेको छ, जसमा सयौं घर र पसलहरू जलाइएको छ ।

# बढ्यो 'रेमिट्यान्स' : खुसी हुने कि दुःखी ?

रामचन्द्र रायमाझी

**पाल्पा,** भदौ १/नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार आर्थिक वर्ष २०७९/८० मा १२ खर्ब २० अर्ब ५६ करोड रेमिट्यान्स भित्रिएको छ । यो रकम गत आवको तुलनामा २१ दशमलव दुई प्रतिशतले बढी हो । अघिल्लो वर्ष विप्रेषण आप्रवाह चार दशमलव आठ प्रतिशतले बढेको थियो ।

यो तथ्यांकले अहिलेको अवस्थामा नेपाल भित्रने रेमिट्यान्स दर वृद्धि हुँदै गएको देखाउँछ । कोभिडपछि रेमिट्यान्स आप्रवाहमा वृद्धि भएको हो । कोभिडको अवधिमा वैदेशिक रोजगारीमा रहेका कामदार पनि फर्किए । कोरिया जान तयारी अवस्थामा रहेका कामदार पनि रोकिए । जसकारण रेमिट्यान्स आप्रवाहमा स्थिरता थियो तर, कोभिडपछि भने नेपालमा कामदारको माग पनि ह्वात्तै बढेर आयो । मुलुक भित्रै रोजगारीको अवस्था सिर्जना नभएपछि नेपाली कामदारको विकल्प भनेको पनि




वैदेशिक रोजगारी नै हो । पछिल्लो समयमा दैनिक दुई हजार नेपाली युवा वैदेशिक रोजगारीमा गएको वैदेशिक रोजगार विभागको तथ्यांक छ । त्यस्तै समीक्षा वर्षमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ४० दशमलव तीन प्रतिशतले बढेर चार लाख ९७ हजार सात सय चार पुगेको छ । अघिल्लो वर्ष यस्तो संख्या तीन सय ९२ प्रतिशतले बढेको थियो । विगत केही वर्षयता देशको आय धान्ने मुख्य स्रोत रेमिट्यान्स नै बनेको छ । नेपाल भित्रिने विप्रेषणको परिमाण कुल गार्हस्थ्य उत्पादनको करिब एक तिहाइ छ, जुन देशको दुई तिहाइ जनसंख्या आश्रित कृषि क्षेत्रको योगदान बराबर हो । तर, देशकै अर्थतन्त्र धानेको वैदेशिक रोजगारीको यो पाटो जति लोभलाग्दो देखिन्छ, अर्को पाटो उत्तिकै कहालीलाग्दो छ । परिवारमा विदेशबाट पैसा मात्रै होइन, दुःख र वियोग पनि भित्रिरहेको छ । यसले रेमिट्यान्स बढ्दा खुसी हुने कि दुःखी ? भन्ने प्रश्न समेत टड्कारो रुपमा देखा परेको छ । वैदेशिक रोजगारीमा गएका कामदारको मृत्यु, घाइते तथा अंगभंग, पारिवारिक विखण्डनजस्ता अवस्थाले मानव विकासको प्रगतिमा चुनौती थपेको छ । वैदेशिक रोजगारीलाई विप्रेषणको मात्र विषय नबनाई श्रमिकहरूले तत्कालै भोगिरहेका समस्या र नेपाली समाजले दीर्घकालमा व्यहोर्नुपर्ने सामाजिक मूल्यका विषयमा सरकार गम्भीर हुनुपर्ने हो तर त्यसो हुन सकेको छैन् । अर्को तर्फ अर्थविद्हरूले रेमिट्यान्स भरपर्दो आर्थिक स्रोत होइन, यसले देशको अर्थतन्त्रलाई परनिर्भर बनाउँछ भनिरहेका छन् । देशलाई दिन/प्रतिदिन परनिर्भर बनाउँदै गरेको रेमिट्यान्स आप्रवाह वृद्धि हुँदा पनि खुसी हुनुपर्ने परिस्थिति एउटा महान् विडम्बना नै हो । रेमिट्यान्स वृद्धि हुँदा अर्थतन्त्र परनिर्भर भयो र जोखिममा पर्‍यो भनेर टाउको समाउनुपर्ने हो ,तर सरकारको नेतृत्व गर्नेहरूमा यो चेत अझै खुलेको छैन । बरु उनीहरू रेमिट्यान्स आप्रवाह बढ्दा खुसी हुन्छन् र ढुक्कको सास फेर्छन् । रेमिट्यान्सको विकल्प खोज्ने विषयमा उनीहरू टाउको दुखाउनै चाहँदैनन् । बरु सजिलै रेमिट्यान्सले देशको अर्थतन्त्र धानेकोमा मख्ख छन् । उर्जावान युवाहरुलाई देशको समृद्धिमा लगाउनुपर्नेमा वैदेशिक रोजगारीका नाममा विदेश निर्यात गरेर रेमिट्यान्स आप्रवाह वृद्धि गर्ने सरकारको नीति प्राथमिकतामा छ । रेमिट्यान्सले तत्कालीन आर्थिक समस्यालाई मात्रै सम्बोधन गर्न सक्ने भए पनि दीर्घकालिन रुपमा भने यसले आर्थिक परनिर्भरता निम्त्याउने कुरामा सरकारले सोच्नुपर्छ ।

## श्रमिकको न्यूनतम ज्याला बढ्यो



**पाल्पा,** भदौ १/सरकारले चालु आर्थिक वर्षको साउन १ देखि नै लागू हुने गरी श्रमिकको न्यूनतम तलब मासिक १७ हजार ३ सय कायम गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले राजपत्रमा सूचना प्रकाशन गर्दै श्रमिकको तलब वृद्धि गरेको हो ।

राजपत्र अनुसार अब श्रमिकको मासिक आधारभूत पारिश्रमिक १० हजार ८ सय २०, महँगी भत्ता ६ हजार ४ सय ८० गरी १७ हजार तीन सय रुपैयाँ पुर्‍याइएको छ । यो आन्तरिक श्रम बजारमा कार्यरत चिया बगानबाहेकका नेपाली श्रमिकको भत्तासहितको पारिश्रमिक हो । सरकारले अघिल्लो पारिश्रमिकको तुलनामा २ हजार ३ सय अर्थात् १५.३३ प्रतिशतले वृद्धि गरेको हो । २०७८ साउन १ देखि लागु भएको श्रमिकको मासिक ज्याला १५ हजार रुपैयाँ थियो । यसमा आधारभूत पारिश्रमिक ९ हजार ३ सय ८५ र महँगी भत्ता ५ हजार ६ सय १५ थियो ।

रोजगारदाता र ट्रेड युनियनसँगको छलफल पछि सरकारले पारिश्रमिक निर्धारण गरेको हो । दैनिक ज्यालादारी श्रमिकका लागि भने दैनिक ६ सय ६८ रुपैयाँ तोकिएको छ । यसमा आधारभूत ४ सय १८ र महँगी भत्ता २ सय ५० रहेको छ । आंशिक समय मात्र काम गर्ने श्रमिकको प्रतिघण्टा न्यूनतम पारिश्रमिक ९५ रुपैयाँ तोकिएको छ ।

-बाँकी अन्तिम पेजमा...

## कम्प्युटर इन्जिनियर व्यावसायिक बाख्रापालनमा

**गल्याङ (स्याङ्जा),** भदौ १/स्याङ्जाको कालीगण्डकी गाउँपालिका-५ वेल्टारीका त्रिभुवन न्यौपानेले उन्नत जातका बाख्रापालन गरेर मनग्य आम्दानी गरेका छन् । भारतको पन्जाब टेक्निकल युनिभर्सिटीबाट ब्याचलर अफ कम्प्युटर एप्लिकेसनको अध्ययन पूरा गरेका ३५ वर्षीय न्यौपानेले भूमिका कृषि तथा पशुपालन फार्ममार्फत व्यावसायिक बाख्रापालन सुरु गरेका हुन् ।



भारतमा पढाइ सकेर २०६९ मा नेपाल फर्किएका उनले यतिबेला बाख्रापालनबाट वार्षिक १५ देखि २० लाखसम्म आम्दानी गर्दै आएका छन् । 'सुरुमा घरकै तरकारी बारी जोत्न हाते ट्र्याक्टर किने', न्यौपानेले भने, 'हाते ट्र्याक्टरको धेरै माग भएपछि आम्दानी पनि राम्रो भयो, त्यही आम्दानीबाट बाख्रापालन सुरु गरेको हुँ ।' न्यौपानेले विसं २०७० मङ्सिरमा ७७ हजारबाट बाख्रापालन व्यावसाय सुरु गरेको बताए । 'गाउँका कृषकको हातेट्र्याक्टरले खेतबारी जोतेर कमाएको ७७ हजारले तीनवटा बोयर माउ र एउटा बोयर बोका किनेर ल्याएँ, चारवटा स्थानीय जातका माउबाख्रा घरमै थिए', उनले भने, 'आठवटा बाख्राबाट भूमिका कृषि तथा पशुपालन फार्म दर्ता गरेर औपचारिक रूपमै व्यवसाय सुरु गरेँ ।' न्यौपानेको बाख्रापालनमा अहिले करिब ८० लाखको लगानी पुगेको छ । उनीसँग हाल १६ लाखमा निर्माण गरिएको आधुनिक बाख्राको खोरमा शुद्ध अष्ट्रेलियन बोयर बोकासहित शुद्ध बोयर माउ र खरी जातमा बोयर क्रस एक सयवटा बढी माउ पाठापाठी छन् ।

न्यौपानेको फार्मबाट धेरैजसो बीउ उत्पादनका लागि बाख्रा बिक्री हुन्छ । यहाँ उत्पादित बाख्रा कास्की, पर्वत, धादिङ, पाल्पा, चितवन, रुपन्देहीबाट पश्चिम बर्दियासम्म र पूर्व झापासम्म निर्यात हुन्छ । फार्मबाट १५ हजारदेखि साढे दुई लाखसम्म पर्ने प्रतिबाख्रा बिक्री हुँदै आएका छन् ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## १२ कक्षाको नतिजाले दिएको सन्देश

मंगलबार कक्षा १२ को परीक्षाफल प्रकाशित भएको थियो । वैशाख २६ गतेबाट जेठ ५ गतेसम्म सञ्चालन भएको परीक्षाको नतिजा झण्डै तीन महिनापछि आएको छ । परीक्षामा नियमिततर्फ झण्डै ३ लाख ७३ हजार र आंशिकतर्फ करिब ६१ हजार विद्यार्थीहरुको सहभागिता रहेको थियो । ग्रेडवृद्धितर्फ भने १४ हजार बढीको सहभागिता रह्यो । नतिजामा गत वर्षको तुलनामा सामान्य सुधार देखिए पनि सन्तोषजनक भने छैन । यस वर्ष उच्च शिक्षा अध्ययनका लागि केवल नियमिततर्फ झण्डै १ लाख ९० हजार, त्यसरी नै आंशिकतर्फ १८ हजार बढीसँगै ग्रेडवृद्धितर्फ ६ हजार बढीले माथिल्लो शिक्षा पढ्न पाउने अवसर प्राप्त गरेका छन् । उच्च शिक्षाका लागि योग्य रहेका परीक्षार्थीको प्रतिशत हेर्दा ५०.९१ देखिँदा परीक्षा दिएका आधाजसो विद्यार्थी भने अनुत्तीर्ण भएका छन् ।

यति धेरै विद्यार्थी उच्च शिक्षाका लागि अयोग्य हुनुमा विद्यार्थी स्वयंको मात्र कमजोरी पक्कै छैन । यस नतिजाले शिक्षक, विद्यालय, सरकारका साथै समग्र शिक्षा प्रणालीकै कमजोरी हो भन्ने कुराको संकेत गर्दछ । सुधार भएको भनेर भन्न मिल्ने स्थिति त्यतिखेर मात्र बन्न सक्थ्यो जतिखेर गत वर्षको भन्दा धेरै प्रतिशत विद्यार्थीले परीक्षामा सफलता पाउँथे । यस्तो केवल सुधार उन्मुखमात्रै देखिएको नतिजाले धेरै विद्यार्थीको उच्च शिक्षा पढ्ने अभिलाषालाई पूर्ति गर्न सक्दैन । परीक्षा दिएर पनि अनुत्तीर्ण रहेकाहरुको संख्यालाई हेर्दा सानो मान्न सकिँदैन । विद्यार्थीको ठूलो हिस्सा असफल देखिँदा उच्च शिक्षामा धेरै विद्यार्थीहरुको पहुँच नपुग्ने अवस्था सिर्जना भएको छ । यो अत्यन्त दुखको कुरा हो । नतिजा सुधार नहुँदा एकअर्कालाई दोषारोपण गर्ने प्रवृत्ति पनि छ। कसैले कक्षाकोठाको सिकाइ शैलीलाई दोष दिन्छन्, कोहीले प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका परीक्षणमा समस्या औंल्याउँछन् । समस्या कहीं न कहीं पक्कै छ, सबैतिर पनि हुन सक्छ, तर गम्भीर भएर समस्या पहिल्याउन र समाधान गर्न कसैले अग्रसरता लिएको देखिदैन । जसका कारण धेरै विद्यार्थीहरुको भविष्य अन्यौलमा परेको छ । नतिजा सुधारका लागि सबैभन्दा महत्वपूर्ण पक्ष विद्यार्थीलाई पढाइमा आकर्षित गराई गुणस्तरी शिक्षा प्रदान गर्न सक्नु हो । त्यसमा शिक्षकको विषयविज्ञता, पढाउने शैली र भौतिक पूर्वाधार महत्वपूर्ण मानिन्छ । यसर्थ विद्यार्थीलाई पढ्ने व्यवस्था गरेर मात्र पुग्दैन, गुणस्तरीय शिक्षा दिन सक्नुपर्छ, जसका लागि शिक्षक, विद्यालय, सरकार सबै गम्भीर बन्न जरुरी छ ।

## Opinion @ Social Network

भन्सारको सामान छुटाइदिन भनेको हुँ :समानमा लसुन थियो,सुन थियो,नुन थियो मलाई थाहा भएन कृष्णबहादुर महरा

पुग्यो जवाफ ??

यति अजिम्यवार देशको शासक भनाउदाको, अनि यस्तालाई देशको माया हुन्छ ?

*(हरि प्रसाद पाण्डेको फेसबुक स्टाटस https://www.facebook.com/hariprasad.pandey.94)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# संसदमा एमाले : बलियो हुँदा विघटन, कमजोर हुँदा अवरोध



युवराज चौलागाईं

*केपी ओलीले इंगित गरेको पाकिस्तानको बाटो अत्यन्त दुर्भाग्यपूर्ण अवस्था हो । पाकिस्तानको बाटो भनेको दलहरू एकअर्कासँग मिल्नै नसक्ने ध्रुवीकरणको बाटो हो । सांकेतिक रूपमा त्यो बाटो जो सत्तामा आयो उसले विपक्षी दललाई पेल्ने, विपक्षी नेताहरूलाई झुटा मुद्दा लगाएरै भए पनि फसाउने र अन्ततः सबैले दुःख पाउने दुश्चक्रको बाटो हो । आज नेपालको राजनीति त्यतै गएको विपक्षी नेताले विश्लेषण गर्नु अत्यन्त गम्भीर विषय हो ।*

साउन २८ गते आइतबार नेकपा एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी ओलीले पार्टी कार्यालयमा पत्रकार सम्मेलन गरेर प्रधानमन्त्री प्रचण्डको राजीनामा माग गर्नुभयो । त्यसको दुई दिन अगाडि उहाँले देश पाकिस्तानको बाटोमा गएको टिप्पणी गर्नुभएको थियो । त्यसबाट पनि एक कदम अगाडि बढेर एमालेले संघीय संसदका दुवै सदन विगत केही हप्तादेखि निरन्तर ‘कब्जा’ गरिरहेको छ । यी तीन वटै विषय अत्यन्त गम्भीर छन् । किनभने गभर्मेन्ट इन वेटिङ मानिने संसदको प्रमुख प्रतिपक्ष दल मात्र होइन, नेपालको वाम तथा लोकतान्त्रिक आन्दोलनमा वर्तमान सरकार पक्षसँग निकटतम सहकार्य र योगदान गरेको नेकपा एमालेबाट आधिकारिक रूपमा यी काम र कुराहरू भइरहेका छन् ।

**सदन : अवरोध होइन, कब्जा**

प्रतिनिधिसभाको कुल २७५ मध्ये जम्मा ७९ सदस्य संख्या भएको एमालेले यतिबेला सत्तापक्षको १६० सदस्य संख्याको सुविधाजनक बहुमत भएको संसद एकलौटी कब्जा गरिरहेको छ । उसले चाहेको विषयहरूमा ऊ निर्वाध लामो समय लिएर भाषण गरिरहेको छ । त्यति मात्रै होइन, सत्तापक्षका सांसदलाई पनि छानी-छानी समय दिएर बोल्न समय उपलब्ध गराइरहेको छ । सत्तापक्षका सांसदहरू भने नियमापत्ति पनि गर्न समय नपाएर टुलुटुलु हेरेर बस्नुपरेको छ ।

सभामुख देवराज घिमिरेले पदीय गरिमा र सन्तुलन गुमाएर एमालेको इशारामा काम गर्दा आज संसदमा खेलाडी पनि एमाले र रेफ्री पनि एमाले भएको देख्न सकिन्छ । यसरी अहिले एमालेले सदन अवरोध मात्र होइन, कब्जा नै गरिरहेको छ ।

**बलियो हुँदा विघटन, कमजोर हुँदा बन्धक :** त्यसो त एमाले र संसदको सम्बन्ध त्यति सुखद रहेन । एमाले अध्यक्ष केपी ओलीलाई नेकपा कालमा देशले शक्तिशाली प्रधानमन्त्री बनायो तर उहाँले त्यही संसदलाई विघटन गरिदिनुभयो । त्यो राजनैतिक रूपमा क्रूर र कानुनी रूपमा असंवैधानिक हुँदाहुँदै पनि एमाले पंक्ति आश्चर्यजनक रूपमा अझै त्यो संसद विघटनको जयगान गाएर बसिरहेको छ । यो तथ्य एमालेले आफ्नै अनुहारमा कालो पोतेको कुरुप यथार्थ त हुँदै हो, नेपालको लोकतान्त्रिक इतिहासकै एउटा कालो अध्याय पनि भइसकेको छ । आज उही एमाले संसदमा प्रमुख प्रतिपक्षी दल हुँदै गर्दा संसदलाई निरन्तर बन्धक बनाएर बसिरहेको छ । नेपाली जनताले एमालेलाई के गर्नुपर्ने हो ? बलियो बनाउँदा संसदकै विघटन गरिदिने, कमजोर बनाउँदा सदन चल्नै नदिने । एमालेको अस्तित्वमाथि प्रश्न गर्ने ठाउँमा किन एमालेजन अघि बढ्दै छन् ? यो कुरा नेपाली सज्जन जनताले बुझ्न सकेका छैनन् ।

**घातक ध्रुवीकरण :** आज प्रचण्ड नेतृत्वको सरकारले देशमा सुशासनको पक्षमा काम गर्न खोजिरहेको छ । भ्रष्टाचारको विरुद्ध सरकारका बोल्ड स्टेपहरूले अब देशमा केही राम्रो हुँदैछ भन्ने सकारात्मक सन्देश प्रवाह भएको छ । नेपालको इतिहासमा पहिलो पटक जनता स्वतस्फूर्त रूपमा सडकमा आएर सरकारको कदमको पक्षमा आवाज उठाइरहेका छन् । तर, उदेकलाग्दो कुरा के छ भने एमाले यसबाट तर्सिएको छ । एमाले घोषित रूपमै सरकारको सुशासनको कदम विरुद्ध उभिएको छ । मनमोहन अधिकारी र मदन भण्डारी जस्ता सादगी नेताहरूले नेतृत्व गरेको पार्टीको यो दयनीय हालत दुनियाँले गम्भीरतापूर्वक मूल्यांकन गरिरहेको छ । केपी ओलीले इंगित गरेको पाकिस्तानको बाटो अत्यन्त दुर्भाग्यपूर्ण अवस्था हो । पाकिस्तानको बाटो भनेको दलहरू एकअर्कासँग मिल्नै नसक्ने ध्रुवीकरणको बाटो हो । सांकेतिक रूपमा त्यो बाटो जो सत्तामा आयो उसले विपक्षी दललाई पेल्ने, विपक्षी नेताहरूलाई झुटा मुद्दा लगाएरै भए पनि फसाउने र अन्ततः सबैले दुःख पाउने दुश्चक्रको बाटो हो । आज नेपालको राजनीति त्यतै गएको विपक्षी नेताले विश्लेषण गर्नु अत्यन्त गम्भीर विषय हो ।

के नेपाल आज पाकिस्तानको बाटोमा छ त ? तथ्य के हो भने नेपाल सुशासनको लडाइँमा छ जुन नेपाली मौलिकताको एक कठोर संघर्ष हो तर यो निःसन्देह पाकिस्तानको बाटोमा छैन । यदि सत्ताको दुरुपयोग गरेर विपक्षी नेताहरूलाई मात्र धरपकड गर्ने, एक दल सत्ताबाट हट्ने बित्तिकै त्यसमा नेताहरू जेल जान तयार भइहाल्नुपर्ने अवस्था हो भने त्यसो हो कि भनेर बहस गर्न पनि सकिन्थ्यो होला । तर, आज त सरकारले आफ्ना-पराइ कोही नहेरी अनुसन्धान गरिरहेको छ । नेपालको इतिहासमा कुन प्रधानमन्त्रीले दोषी भए मलाई पनि हत्कडी लगाए हुन्छ भनेर सार्वजनिक रूपमा भन्न सकेको छ ? प्रधानमन्त्री प्रचण्डले पटक-पटक त्यसो भन्ने आँट गर्नुभएको छ । आफ्ना पालामा भ्रष्टाचारका बारेमा अनेक थरी समाचार आउँदा विगतका प्रधानमन्त्री केपी ओलीले त्यसो भन्न र गर्न आँट गर्नुभयो ? आज सुशासनको राष्ट्रिय लडाइँ अगाडि बढ्दा एमालेलाई हरेक दिन किन चस्का पसिरहेको छ, बुझ्न सकिएको छैन । आफू प्रधानमन्त्री हुँदा चर्चामा आएका यती, ओम्नी, वाइडबडी, कोरोना औषधि, सेक्युरिटी प्रिन्टिङ, गिरीबन्धु चिया लगायत अनेक काण्डमा गल्ती भएको छ र त्यसमा फसिने डर ओलीमा देखिन्छ । ती काण्डहरू आन्दोलन गरेर सामसुम नपारी छाड्दिनँ भन्ने कदापि ओलीले ठान्नुभएको छ भने त्यो कसै गरे पनि सम्भव हुँदैन । एमालेले भनेको एउटा कुरामा भने सहमति जनाउनुपर्छ । त्यो के हो भने भ्रष्टाचारको छानबिनमा पक्षपात र तेरो-मेरो हुनुहुँदैन । त्यसो भयो भने त्यो माओवादीलाई नै घातक हुनेछ भन्ने कुरामा माअरुवादी स्पष्ट छ । अहिलेसम्म भएको घटनाहरूले सरकार आफ्ना मानिसहरूलाई जोगाउन लागेको भन्ने कुरालाई कतैबाट पनि पुष्टि गर्दैनन् । ध्रुवीकरणको डरलाग्दो अर्को पक्ष के हो भने एमाले भोलि कुनै दिन सत्तामा फर्कियो भने छानी-छानी बदला लिन्छु भन्ने ठाउँमा पुगेको आशंका गर्न सकिन्छ । ओलीले सार्वजनिक घोषणा गरेझैं देश पाकिस्तानको बाटोमा गयो भन्ने आधार नदेखिए पनि भोलि ओली वा एमाले सत्तामा जाँदा अवश्य त्यसो हुनेछ भन्ने सन्देश आएको छ ।

**संसदीय वा उच्चस्तरीय छानबिन समिति : म्याद गुज्रिएको औषधि**

निरन्तर संसद अवरोध गर्दै आइरहेको एमाले एक्लैले दृश्य रूपमा अघि सारेको एउटै तर्क हो- विमानस्थलमा बरामद भएको सुन सम्बन्धी छानबिनका लागि उच्चस्तरीय छानबिन समिति बनाउनुपर्ने । विगतका अनुभवका आधारमा हेर्ने हो भने त्यसो गर्नै नसकिने चाहिं होइन तर यो तर्क एमालेले भने झैं अचूक अस्त्र पनि होइन । आज विमानस्थलबाट समातिएको अनुसन्धानको जिम्मा राजस्व अनुसन्धान विभागबाट पनि अघि बढेर नेपाल प्रहरीको केन्द्रीय अनुन्धान ब्यूरो समक्ष गइसकेको छ । एउटा राजनैतिक विवाद वा अन्य नखुलेको गुत्थीका बारेमा यस्तो अनुसन्धान गर्न सकिन्छ । यस्तो अनुसन्धान भएर पनि अन्त्यमा अपराध नियन्त्रण गर्ने राज्यका निकायमै कार्यान्वयनमा आउने हो भने ती निकायमै कार्यान्वयनमा आइरहेको अपराधबारे फेरि अर्को छानबिन समितिको माग गर्नुको अर्थ र औचित्य के हो ? यसले त एमालेको नियतमाथि अनावश्यक प्रश्न गर्न मात्र ठाउँ दिइरहेको छ । एमालेले यतिबेला भ्रष्टाचार विरुद्धको राष्ट्रिय लडाइँमा हामी पनि सरकारको साथमै छौं भनेर भन्न सक्नुपर्ने हो । यस्तो सवालमा नेपालको राजनीति पक्ष-प्रतिपक्ष भन्दा माथि छ भनेर सिंगो देशलाई एकताबद्ध पार्न सक्नुपर्ने हो । सरकारलाई आफ्ना मान्छे पनि नछाड, हाम्रा कोही छन् भने पनि लैजाउ तर निष्पक्ष छानबिन गर भनेर भन्न सक्नुपर्ने हो । तर, एमाले सुरुमै उल्टो बाटो हिंडिरहेको छ । अचम्मको कुरा त के छ भने एमालेभित्र पनि यसबारे कुनै बहस भइरहेको सुनिंदैन । एमालेभित्र रहेका अनेक विषयमा बोल्न सक्ने नेताहरू पार्टीले संसद र तत्कालीन राजनीतिबारे लिएको यस्तो गम्भीर प्रकृतिको उल्टो नीति र बाटो बारे बहस गरिरहेका छैनन् । उनीहरूले यसबारे पार्टी भित्र र बाहिर बहस चलाउन सके भने त्यसले एमाले मात्र होइन, सिंगो देशलाई नै फाइदा पुग्ने निश्चित छ ।

**भविष्यको डरलाग्दो संकेत : तोड्ने कसले ?**

नेपालमा भ्रष्टाचार एक महारोगका रूपमा रहेको छ । कुनै तथ्य तथ्यांकको जरूरी नै पर्दैन कि देशको हरेक क्षेत्रमा भ्रष्टाचारको जालो छ । यसले युवा जनशक्ति देशमा अडिन सकेको छैन । स्टार्ट अप बिजनेसहरूको हालत दयालाग्दो छ । ब्रेन ड्रेन र क्यापिटल ड्रेनको अवस्था अत्यन्त डरलाग्दो छ । गाउँघर वृद्धाश्रममा बदलिएका छन् । परम्परागत श्रम सम्बन्ध नासिने र नयाँ श्रम सम्बन्ध सुरु नै नहुने अक्करमा देश अड्किएको छ । नागरिकहरूमा आम निराशाको कालो बादलले छाडेकै छैन । के यसबाट देशलाई मुक्त गर्ने दायित्व राजनीतिक दलहरूको होइन ? आज प्रचण्ड नेतृत्वको सरकारले सुरु गरेको सुशासनको अभियानले त्यस दिशामा मद्दत गर्दैन ? गर्छ भने यसमा एमालेको विरोध किन ? यो अभियान एकै पटकमा सकिने होइन, बरु निरन्तर चल्ने अभियान हो । यसमा एमालेले आज सहयोगी भए मात्र भोलि नेतृत्वको भूमिका लिन सक्दछ । अन्यथा, यसै भन्न सकिंदैन । ट्रान्सपरेन्सी इन्टरनेशनलले गरेको अध्ययन अनुसार नेपाल संसारका भ्रष्टाचार हुने १८० मुलुकहरूमध्ये ११०औं स्थानमा छ । अत्यन्त खराब रेकर्ड रहेका संसारका मुलुक मध्येबाट निकाल्न हामीले नै बेलैमा पहल गर्नै पर्दछ । नेपालका प्रमुख दलहरू एकअर्काका दुश्मन होइनन्, सहयात्री हुन् । दलहरूले भर्खरै मात्र पूर्ण राजनैतिक लोकतन्त्रको सुरुवात गरेकोमा यसलाई जनजीवनसँग जोड्न अझै धेरै काम गर्न बाँकी नै छ । यो विन्दुमा दलहरू मिलेर नै काम गर्नुपर्दछ । एमालेले यो तथ्य मनन् गरोस् र सुशासनको राष्ट्रिय लडाईंमा सरकारसँग सहकार्य गरोस् ।**-अनलाइन खबर डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१११९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :चलाखीपूर्ण बोलीले सङ्कल्प सिद्ध हुनेछ। आयआर्जनका क्षेत्रमा सुधार हुँनेछ । | **तुला** : महिला वर्गबाट सहयोग मिल्ने छ । पारिवारिक सद्भाव पनि बढ्नेछ । |
| **वृष** : घरमा अतिथिको आगमन हुनेछ । बोलीको भरमा कार्य सम्पादन हुनेछ । | **वृश्चिक** : कूटनीतिक नियोगको सहयोग मिल्ला । कला र गलाको प्रभाव बढ्नेछ । |
| **मिथुन** : शैक्षिक क्षेत्रमा सफलता मिल्ने छ । मनमा खुसी छाउँने छ । | **धनु** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । रोमाञ्चक यात्रा पनि होला । |
| **कर्कट** : आफन्तको प्रगतिमा मन र माउनेछ । शुभ समाचार सुन्न पाइएला । | **मकर** : विशिष्ट व्यक्तिबाट हौसला प्राप्त हुनेछ । शुभकार्यको चर्चा पनि चल्नेछ । |
| **सिंह** : कला र गलाको प्रभाव बढ्नेछ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । | **कुम्भ** : आज श्रमदान गर्ने अवसर मिल्ने छ । कुनै कुराले मनमा शान्ति छाउनेछ । |
| **कन्या** : वैदेशिक कार्य पनि अघि बढ्ने छ । आज आकस्मिक धनलाभ हुनेछ । | **मीन** : प्रेममा सफलता प्राप्त हुनेछ । आज स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ । |

# साहित्य दर्पण

कथा — शरच्चन्द्र वस्ती

## अमर हुने आकांक्षा

झन्डै तीन महीना पछि कार्यालय आएको जोसेफ गाडीबाट ओर्लिंदा उसकी सहयोगी जुलिया हेरेको हेऱ्यै भई । पचास वर्ष नाघेको जोसेफ भर्खर गधापच्चिसी पार गरेको लक्का जवान जस्तो देखिएको थियो । अनुहारमा पर्दै गएको चाउरी र पेटमा जमेको बोसो गायब थियो, शरीर छरितो र चालमा बेग्लै फुर्ती देखिन्थ्यो । उसले 'हेलो' भनेपछि जुलिया झस्किई र हतारहतार पुष्पगुच्छा दिएर स्वागत गर्दै उसको ब्रीफकेस बोकेर पछिपछि लिफ्टतिर लागी ।

विशाल परिसरमा ठडिएको ५४ तले त्यो भव्य भवन दुनियाँभर फैलेको जोसेफको आर्थिक साम्राज्यको 'हेडक्वार्टर' थियो । सबैभन्दा माथिल्लो तलामा रहेको उसको कार्यालय बगैंचा, हरियो चउर, ससाना रूख, फोहरा, स्विमिङ पूल, साउना, जिम, बार, किचेन, बेडरूम आदिले सुसज्जित थियो । एक कप कफी खाएर उसले उच्च तहका एक दर्जन कर्मचारीलाई डाक्न लगायो र एक घण्टा जति मीटिङ गऱ्यो । उनीहरू पनि उसलाई देखेर जिल परेका थिए । ऊ कस्मेटिक सर्जरी गराउँदैछ भन्ने त उनीहरूले जुलियाबाट थाहा पाएका थिए, तर यस्तो भएर फर्कला भन्ने कल्पना गरेका थिएनन् । त्यस रात जुलिया ऊसँगै थिई । भोलिपल्ट, अर्थात् १५ जनवरी २०५१ का दिन ब्रेकफास्टमा उसले जोसेफलाई भनी, 'तिमी बाहिरबाट मात्र होइन, भित्रबाट पनि तरुनो भएका छौ । तिमी पहिलेका जोसेफ हुँदै होइनौ । तिमीमा जुन ऊर्जा र आवेग छ, त्यो २५ वर्षे युवाको जस्तो छ ।' जोसेफ केही बोलेन, देब्रे आँखा झिम्क्याएर मुस्कुरायो मात्र । जुलियाको अनुभव सही थियो । कस्मेटिक सर्जरीको कुरा त जोसेफले आफ्नो योजना लुकाउन मात्र गरेको थियो । ऊ कस्मेटिक सर्जरीबाट तरुनो जस्तो देखिने भएर आएको बूढो थिएन, वास्तवमै २५ वर्षे जवान भइसकेको थियो । त्यो यस्तो वैज्ञानिक प्रयोगको परिणाम थियो, जो संसारमा यसअघि गरिएको थिएन । यसको बीजारोपण ३० वर्षअघि भएको थियो, संयोगवश यसै महीनामा । सन् २०२१, जनवरीको पहिलो हप्ता बाबुको मृत्यु हुँदा जोसेफले २१ वर्ष मात्र टेकेको थियो । उसका पूर्वजहरू लामो आयु बाँचेनन् । जिज्यूबा क्षयरोग लागेर ४३ वर्षमा बितेको थियो, हजूरबा क्यान्सर लागेर ४८ वर्षमा र बाबु फदयाघातले ५५ वर्षमा । बाबुलाई चिहानमा गाडेर फर्कंदा उसले संकल्प गरिसकेको थियो– म जसरी भए पनि रोगमुक्त भएर लामो आयु बाँच्छु । विश्व भने त्यसवेला कोरोनाले छटपटिइरहेको थियो । ऊसँग पैसाको कुनै कमी थिएन । बाबु संसारका सबैभन्दा धनी २० जनामध्ये पर्थ्यो र ६० अर्ब डलर बराबरको सम्पत्ति छोडेर गएको थियो । एक्लो छोरो थियो ऊ । बाबु बितेको तीन महीनापछि उसले समुद्रको बीचमा एउटा रमणीय टापू किन्यो र त्यहीं आफ्ना लागि सुरुचिपूर्ण भव्य महल बनायो । यसैबीच आफ्नो सपना पूरा गर्न एक अर्ब डलर छुट्यायो । त्यसवेलासम्म विज्ञानले निकै प्रगति गरिसकेको थियो । मानिसको कोशिकाबाट, स्त्री-पुरुषको यौनसम्पर्क विना, फोटोकपी झैं दुरुस्त सन्तान जन्माउने क्लोनिङ प्रविधि निकै विकसित भइसकेको थियो । कोशिकाभित्र पसेर जीन एडिटिङ गर्ने र जन्मने मानिसलाई रोग-व्याधिरहित, असाधारण बुद्धिसम्पन्न तथा आफूले चाहेजस्तो निश्चित सीप वा गुण भएको बनाउन सकिने प्रविधि पनि आइसकेको थियो । अर्कातिर चिकित्सा विज्ञान मानव शरीरका सबैजसो अंग-प्रत्यंग प्रत्यारोपण वा साटफेर गर्न सक्षम भइसकेको थियो । यो सबका बीच मानिसको क्लोनिङ र जीन-एडिटिङलाई नैतिकता लगायत अनेक प्रश्न उठाएर अघि बढ्न नदिने कोशिश भइरहेको थियो । तिनले वैधता पाएका थिएनन् । अंग प्रत्यारोपणमा पनि विविध छेकबार थिए । तर, विज्ञान र प्रविधिको उपयोग वा दुरुपयोगलाई कुनै छेकबारले कहाँ छेक्छ र ? विभिन्न देशमा मानव क्लोनिङ र जीन एडिटिङका काम भित्रभित्रै, अघोषित रूपमा चलिरहेका थिए । युवा जोसेफले यी तीनवटै प्रविधिको प्रयोग गरेर आफूलाई कहिल्यै बूढो नहुने र कहिल्यै नमर्ने अर्थात् अजर-अमर बनाउने अठोट गऱ्यो ।

ऊ स्वयं विज्ञानको विद्यार्थी थियो । आफ्ना सम्पर्क सूत्र र प्रभाव प्रयोग गरेर उसले तीनवटै क्षेत्रका उत्कृष्ट वैज्ञानिक तथा चिकित्सकहरूसँग सम्पर्क गऱ्यो । सम्पूर्ण प्रयोग उसको आफ्नै टापूमा गर्नुपर्ने र त्यसलाई सदाका लागि गोप्य राख्नुपर्ने उसको शर्त थियो । एकातिर यसअघि कहिल्यै नगरिएको प्रयोगको रोमाञ्च, अर्कातिर जोसेफबाट प्राप्त हुने अकल्पनीय आर्थिक लाभ– उनीहरू यसका लागि मञ्जूर भए । एक हप्ताको सघन छलफल पश्चात् प्रयोगको विस्तृत प्रक्रिया तय गरियो । उनीहरूको रेखदेखमा टापूको एउटा खण्डमा अत्याधुनिक प्रयोगशालाको निर्माण र नवीनतम उपकरणहरूको बन्दोबस्त पछि सन् २०२४, जनवरीको दोस्रो हप्ता प्रयोग शुरू भयो । पहिलो चरण जीन एडिटिङको थियो । यसका लागि सर्वप्रथम जोसेफको शरीरबाट केही कोशिकाहरू निकालेर सावधानी साथ विशेष टयूबमा राखियो । त्यसपछि एउटा कोशिकाभित्र पसेर क्षयरोग, क्यान्सर, मुटुरोग, निमोनिया लगायत अन्य केही रोगका संवाहक जीनहरूलाई 'जेनेटिक कैंची' को माध्यमले सदाका लागि निष्क्रिय बनाइयो । कोरोना लगायत एक दर्जन जति भाइरस र ब्याक्टेरियाहरूले कहिल्यै छुन नसक्ने व्यवस्था मिलाइयो । जोसेफले १६ वर्षको उमेरदेखि चश्मा लगाएको थियो, जीवनभर चश्मा नचाहिने बनाइयो । हातका औंला र खुट्टा अलिक मिलेका, सुलुत्त हुनुपर्ने उसको चाहना थियो, त्यसलाई पनि सम्बोधन गरियो । थप छ महीना गहन निरीक्षण गरेपछि जीन एडिटिङ सम्पन्न भएको सुनिश्चित गरियो । दोस्रो चरणमा उक्त कोशिकाबाट केन्द्रक (न्युक्लियस) निकालियो र पहिले नै केन्द्रक निकालिएको एउटी युवतीको डिम्बमा राखेर त्यो डिम्ब उसको गर्भाशयमा स्थापित गरियो । भाडामा गर्भधारण गरिदिन तयार भएर आएकी २० वर्षे युवती, जसको कृत्रिम नाम रोजी राखिएको थियो, निकै सुन्दर तर विपन्न थिई । बालकमाथि उसको कुनै दाबी नरहने र उसलाई कहिल्यै हेर्न, भेट्न नपाउने जोसेफको शर्त थियो । आफूले कल्पना गरेभन्दा दश गुणा बढी पारिश्रमिक पाउने भएपछि उसले त्यो शर्त कुनै आनाकानी नगरी स्वीकारेकी थिई । निश्चित अवधि पछि बालक जन्मियो र वैज्ञानिक, चिकित्सकहरूको निगरानीमा हुर्कंदै गयो । उसलाई जोन नाम दिइएको थियो र उसका लागि आवश्यक सम्पूर्ण व्यवस्था त्यही टापूमा गरिएको थियो । जोन टापूबाट बाहिर पाइला नराखी २५ वर्षको भयो । झ्वाट्ट हेर्दा हरेक दृष्टिले ऊ युवावस्थाको जोसेफको प्रतिलिपि थियो– अंग, उपांग, वर्ण, चालढाल सबै काटीकुटी मिल्ने । भित्री रूपमा भने जोसेफ भन्दा स्वस्थ, सबल र निरोगी । तेस्रो चरण शरीर प्रत्यारोपणको थियो– जोनको समग्र शरीर जोसेफमा प्रत्यारोपण गर्नुपर्ने । यस क्रममा सर्वप्रथम जोनलाई सदाका लागि बेहोश बनाइयो र उसका एक-एक अंग निकालेर पालैपालो जोसेफमा प्रत्यारोपण गरियो । उही रक्तसमूह, उस्तै प्रकृति र उही गुण-धर्मका कारण जोनका सूक्ष्म भन्दा सूक्ष्म र संवेदनशील भन्दा संवेदनशील अंग पनि कुनै समस्या विना सहजै प्रत्यारोपण हुँदै गए । उन्नत प्रविधिका कारण एक महीनाभित्रै जोसेफको सम्पूर्ण शरीर –छाला, नङ, कपाल र रौंहरू समेत– नयाँ भइसकेको थियो । नयाँ शरीरमा मस्तिष्क चाहिं उसैको थियो, जसले गर्दा ऊसँग भएका यावत् सूचना, जानकारी, अनुभव र सोच्ने, निर्णय गर्ने प्रक्रिया यथावत् थिए । एक महीना वैज्ञानिक र चिकित्सकहरूले मिहीन अनुगमन गरेर सबै ठीकठाक भएको प्रमाणित गरेपछि ऊ टापूबाट बाहिर निस्क्यो । यो त्यही दिन थियो, जब उसलाई देखेर जुलिया हेरेको हेऱ्यै भएकी थिई– १४ जनवरी, २०५१ । तीन महीना नयाँ ऊर्जा र आवेगका साथ भोगविलासमा डुबेपछि जोसेफले उक्त अभियानको टोली नेतालाई, जो वरिष्ठ वैज्ञानिक थियो, सप्ताहान्त बिताउन आफ्नो विलासी क्रूजमा निम्त्यायो । पहिलो प्रयोग त सफल भएको थियो, तर ऊ अर्को २५ वर्षपछि फेरि नयाँ शरीर धारण गरेर जवान बन्न चाहन्थ्यो । यसका लागि अब के गर्ने भनेर उसले सल्लाह माग्यो । वैज्ञानिकले भन्यो, 'हामीले पुरानो प्रक्रिया अपनाएका थियौं । त्यो ज्यादै झन्झटिलो थियो । अब त्यसको काम छैन । विज्ञान र प्रविधि मात्र होइन, मानव समाज पनि धेरै अघि बढिसकेको छ ।' ऊ भन्दैगयो, 'अब तपाईले आफ्नो कोशिका उपलब्ध गराएपछि तपाईको चाहना अनुसार जीन एडिटिङ गरेर क्लोनिङ गरिदिने प्रयोगशाला खुलिसकेका छन् । तपाईले चाहे अनुरूप नयाँ शरीर तयार भएपछि त्यसको मस्तिष्क निकालेर तपाईंको मस्तिष्क सीधै त्यसमा प्रत्यारोपण गर्न सकिन्छ, जसबाट तपाईले आफ्नो शरीर त्यागेर नयाँ शरीर धारण गर्न सक्नुहुन्छ ।' 'आजभन्दा २५ वर्षपछि त यो सब पनि 'पुरानो प्रक्रिया' भइसक्ला नि ?' 'ठीक भन्नुभो,' वैज्ञानिकले भन्यो, 'मेरो विचारमा, आउँदो २५ वर्षमा जेनेटिक इन्जिनियरिङले अद्भुत प्रगति गर्नेछ, जसले गर्दा सबै मानिस आफूले चाहेसम्म जवान र जीवित रहन सक्नेछन् ।

त्यसवेला आजको सारा गोरखधन्दा हास्यास्पद लाग्नेछ ।' 'म के गरौं त ?' जोसेफले निष्कर्ष माग्यो । 'भोलिको कुरा भविष्यको गर्भमा छ,' वैज्ञानिकले भन्यो, 'तपाईंले चाहिं आफू ढुक्क हुन क्लोनिङ सेन्टरमा गएर प्रक्रिया शुरू गरिहाल्नु राम्रो । नयाँ शरीर हुर्काउन पनि त समय लाग्छ नि ।' भोलिपल्ट क्लोनिङ सेन्टरमा पुग्दा जोसेफले थाहा पायो, आठ जना अर्बपतिहरूले ऊभन्दा पहिले नै प्रक्रिया शुरू गरिसकेका रहेछन् ।

**-साहित्यपोष्ट डटकम**

निबन्ध — पूर्णबहादुर मौरती

## सरी बाबाआमा, हजुरहरूलाई विदेश घुमाउन सकिनँ !



एसएलसी सकेर पहिलोपटक गाउँदेखि बजार झरेका भिभान गाउँको मेधावी विद्यार्थी भएको हिसाबले स्कुलबाट सबै सर/म्याडमहरूले साइन्स नै पढ्न सल्लाह दिए पनि उनी आफ्नो हिसाबले वाणिज्य शास्त्र पढ्न चाहन्छन र कलेज भर्ना गर्छन् । सरकारी स्कुलमा पढेको भएर अङ्ग्रेजी थोरै कमजोर रहेका उनलाई कक्षा एघार अङ्ग्रेजी माध्यममा पढ्न चुनौती हुन्छ, तर उनलाई गाउँमा रहेको रोल नं १ को साख जोगाउनु छ । उस्तै मेहनत गरेर ११/१२ मा कलेज टप गरेपछि उनमा आत्मविश्वास बढ्छ । कक्षा १२ पास गरेपछि चार्टर्ड एकाउन्टेन्ट पढ्न चाहेका उनको परिवारको आर्थिक स्थितिले गर्दा पढ्न सक्षम नभएपछि छात्रवृत्तिमा बिबिए पढ्न जान्छन् ।

बिबिएमा पनि सुरूसुरूमा गाह्रो भए पनि विस्तारै उनी आफ्नो लयमा आउँछन् । बिबिए पढ्दाको समय भर्खर भर्खर बाहिर पढ्न जानेको लहर लागेको हुन्छ । अन्तिम अन्तिम सेमेस्टरमा पुग्दा क्लासकै केही साथीहरू विदेश जानलाई आइइएलटिएस क्लास गर्नलाई जाँदा उनलाई पनि बाहिर जाने कि भनेर सोध्दा तिमीहरू गएपछि पैसा पठाउँदा सम्हालेर राख्नलाई नेपालको बैंकिङमा करियर बनाउँछु, भनेर जिस्किने उनी पारिवारिक बाध्यतालाई लुकाउन बाध्य हुन्छन् । भर्खर भर्खर साहित्य पढ्न थालेका भिभानले पहिलो किताब बुद्धिसागरको कर्णाली ब्लुज पढेपछि साहित्यमा मोह जागेर सुविन भट्टराईको समर लभ पढिरहेका हुन्छन् । विदेश नगएर आफ्नै देशमा केही गर्ने सोच बनाएका उनी समर लभको पात्र अतितमा आफैं भिजेपछि नर्वे जाने हुटहुटी चल्छ । अनि नर्वेको शिक्षा, भाषा, संस्कृतिप्रति अध्ययन गर्न थाल्छन् । नि:शुल्क शिक्षा अनि नर्वेको स्तरीय शिक्षाले उनलाई तान्छ । नर्वेको मौसम बढीजसो चिसो हुने भएकोले छ महिना काम गर्ने छ महिना भित्र नै रहनुपर्ने भए पनि नर्वेमा शिक्षादेखि कमाइ पनि राम्रो हुने देखेर नर्वेको भूत चढेको हुन्छ । परिवारसँग नर्वे पढ्न जान्छु भनेर आइइएलटिएस गर्न साथीहरूले सल्लाह दिए पनि उनको पारिवारिक अवस्थाले गर्दा विदेश जान्छु भनेर भन्न सक्दैनन् । बिबिए पास भएपछि पारिवारिक स्थितिलाई मध्यनजर गर्दै केही वर्ष जागिर गरेरमात्रै स्नातकोत्तर गर्ने कि भनेर सोच्दै गर्दा स्नातकोत्तर पढ्न पनि छात्रवृत्तिमा नाम निस्केपछि अब भने जागिरको योजना केही समयलाई थाती राख्नुपर्ने हुन्छ उनलाई । एमबिएमा केही साथीहरू बैंकिङ करियर सुरू गरिसकेका हुनाले बिस्तारै नेपाली बैंकिङमै लाग्नलाई उनी पनि फारम खुलेको बैंकमा योग्यता अनुसारको पोस्टमा फाराम भर्दै जान्छन् । हरेक संस्थाको परीक्षादेखि अन्तर्वार्ता सबै केन्द्रमै भएको हुनाले कतिपय परीक्षा दिन जानआउन खर्चको अभावले छोडे पनि राम्रो मानिने बैंकको परीक्षा दिन भने साथीभाइसँग सापटी गरेर भए पनि पुग्छन् र नाम निस्केकोमध्ये बैंक रोजेर काम गर्न थाल्छन् उनी । उता उनीसँगै पढेका साथीहरू कोही स्नातक तह सकेर त कोही स्नातकोत्तर तह सकेर विद्यार्थी भिसामा अस्ट्रेलिया, अमेरिका, न्युजिल्यान्ड पुगिसकेका हुन्छन् । अन्तिमपटक यी साथीहरूलाई दिक्षान्त समारोहमा आ-आफ्नो परिवारसहित एकअर्काको अभिभावकलाई परिचय गराएका धेरै साथीहरू अहिले बाहिर पुगिसकेका हुन्छन् । दीक्षान्त समारोहको अन्तिम रातमा गेट टुगेदर गर्दा कसैले कसैलाई नबिर्सने, जहाँ भए पनि अपडेट दिइरहने भन्ने वाचा कसम त्यस रातको नशासँगै उडिसकेको हुन्छ । बाहिर गएपछि कोही बोल्न छोडेका कसैको समय नमिलेको कसैको नेपालको समयसँग नमिल्ने भएर सम्पर्क लगभग टुटिसकेको भए पनि फेसबुकमा एकअर्काको साथी भने भएको धेरै साथीहरूको बेलाबेला पोस्ट आइरहेको हुन्छ । बाहिर गएपछि फेरिएको जीवनशैली, रहनसहन , एक डेढ महिना विवाह गर्न मात्रै आउने छुट्टी, नेपाल आएर बिहे गरिसकेपछिको फेसबुकमा अपडेट हुने तस्वीरहरू आदि भने अज्ञात नै हुन्छन् ।

ए उसले पनि बिहे गरेछ, उसले त अमेरिकामा गाडी किनेछ, अर्कोले अस्ट्रेलियामा घर किनेछ । सबै साथीहरू माथिमाथि पुगिसकेको देख्दा आफू भने नेपाल बसेर मुस्किलले आफ्नो परिवारलाई पुर्याउन नसकेको आधारभूत आवश्यकता भन्दा माथिको केही कुरा किन्न पाँचपटक सोच्नुपरेको देख्दा नेपालको पनि के लाइफ, लाइफ त बाहिर नै छ जे भए पनि भन्ने लाग्ने उनी आजकल धेरै साँघुरिन थालेका छन् । अफिसबाट घर आएर थकित अवस्थामा नेट खोलेर सरर फेसबुक स्क्रोल गरिरहँदा पछाडिबाट बुवाले कसैको फोटो देखेर थोरै माथि गर्नु त भन्नुहुन्छ, हल्का माथि स्क्रोल गर्छन् उनी, उहाँहरू त तेरो साथीको बाबाआमा हैन र? पोहोर साल टोपी लगाउने दिनमा भेटाएको थिइस् त !! 'हजुर हो उहाँहरू अघिल्लो महिना अस्ट्रेलिया जानुभएको छोरा उतै भएको भएर, अझै एक दुई महिना बस्नुहुन्छ होला ।' 'ए ए अर्को साथीको आमाबुवा पनि हिजो मात्रै अमेरिका समुन्द्रको छेउमा रमाएको फोटो देखेंको थिएँ उहाँहरू कहिले जानुभएको ?' 'उहाँहरू अघिल्लो हप्तामात्रै जानुभएको, नयाँ घर र गाडी किनेको भएर घरमापस्ने बेला जानुभएको होला म पनि उसँग त्यति कुरा हुँदैन फेसबुकमै देखेको ।' 'ए ए, तँ पनि कतै बाहिर गएको भए साथीहरू जस्तै प्रगति गर्ने थिइस् होला' भनेर बुवा अरू केही नसोधी आफ्नो काममा लाग्नुहुन्छ । कमेन्ट बक्समा गएर रमाइलो गर्नुहोला अंकल आन्टी भनेर लेखेपछि कताकता मनमा चिसो लाग्छ उनलाई । बाबाले यो सबै देखेर के सोच्नुभयो होला, म बाहिर भएको भए हामीले पनि नेपाल बाहिरको संसार देख्न पाउने थियौं भन्न मन थियो होला, तर छोराले नराम्रो मान्ला भनेर केही भन्नुभएन । खाना खाएर बिस्तरामा पल्टिरहँदा केके कुरा मनमा खेलिरहे, त्यतिबेला ऋणधन गरेर बाहिर जाने आँटेको भए पनि आज यो दिन देख्न पर्थेन होला, आमाबुवालाई विदेश भन्ने सपना पूरा हुन्थ्यो होला । हाम्रा बाबा आमा पनि यतिबेला कुनै देशमा रमाइलो गरिरहनुभएको हुन्थ्यो होला, यावत् कुराहरू मनमा खेल्दाखेल्दै निदाउँछन् उनी । बाबाआमासँग नर्वेको ओस्लोमा घुमेको सपना देख्दादेख्दै झल्याँस्स ब्युँझेका उनी मोबाइल खोलेर हेर्छन् बिहानको ६:३० बजेको हुन्छ । ओहो ! कस्तो सपना देखेछु, पूरा हुन नसक्ने, भन्ने सोच्दासोच्दै नेट अन गर्छन्, फेसबुक स्क्रोल गर्छन् । सुरूमै पोस्ट आउँछ ममीबाबालाई न्युजिल्यान्डमा स्वागत छ । न्युजिल्यान्ड भएको साथीको आमाबुवा पनि उतै पुग्नुभएछ । बधाई साथी, ह्याभ अ बेस्ट टाइम विथ योर प्यारेन्ट्स भन्ने कमेन्ट लेख्छन् अनि सोच्छन् उनी । आज त बुवाआमालाई कतै नजिकै भए पनि घुमाउन लिएर जान्छु । बैंकिङ एप लगइन गरेर हेर्छन् । रु १२,४५६ देखिन्छ उनको एपमा । आज १४ गते अझै २५ गते आउन ११ दिन छ भनेपछि बढीमा ५/६००० सम्म आजको खर्च गर्न सकिन्छ । 'बाबाआमा आज हजुरहरू खाना खाएर तयार हुनुस् है, फेवाताल घुम्न जानुपर्छ अनि डुंगा चढेर ताल बाराही दर्शन पनि गर्नुपर्छ ।' 'अनि छोरा तिम्रो अफिस?', आमाले सोध्नुहुन्छ । 'मैले आज बिदा लिएको छु अफिस ।' यति भनेपछि उनी आफ्नो अफिसमा हाकिमलाई कल गर्छन् । 'सर गुड मर्निङ, आज बाबाआमालाई यसो घुम्न लिएर निस्किनुपर्ने भयो, अफिस भोलिमात्रै आउँछु ।' हाकिम सरले 'हुन्छ' भनेपछि घुम्न जाने तयारी गर्न थाल्छन् उनी ।

तालछेउ पुगेर तीन जनाको टिकट लिएर डुंगा चढ्छन् उनीहरू, पहिलोपटक डुंगा चढेको उत्सुकता, थोरै डर र धेरै खुसीको भाव देखिएको बुवाआमाको तस्वीर कैद गरेपछि डुंगा अगाडि बढ्न थाल्छ । अगाडि बढिरहेको डुंगाले पछाडि पाइला मेटेर हिँडिरहेको छ । उनको दुबै हात कलकल चल्मलाइरहेको पानीमा स्पर्श गरिरहेको छ । आमाले बुवाको हात समाएर आफ्नो डरलाई कम गरिरहनुभएको छ । बुवा पहिलोपटक डुंगा चढेर दंग हुनुहुन्छ । उनी मनमनै सोच्दै छन् । 'बुवाआमा मलाई माफ गर्नुहोला, मैले हजुरहरूलाई घुमाउन सक्ने भनेको यही हो, हाम्रो लागि अमेरिका, अस्ट्रेलिया सबै यही हो । किनकि हजुरको छोराले हजुरहरूलाई विदेश घुमाउन सक्दैन ।' डुंगा रोकिन थालेको हुन्छ । माझी दाइ डुंगा साइड लगाउन थाल्छन् । भक्तालुहरू केही ताल बाराही मन्दिर दर्शन गरेर फर्किने तयारीमा हुन्छन् । परेवाहरू यताउता उडिरहेका हुन्छन्, पृष्ठभूमिमा भजन बजिरहेको हुन्छ । बेलाबेला भक्तालुले बजाएको घण्टी बजिरहेको हुन्छ । पूजाको सामग्री बेच्ने दिदी आएर भन्नुहुन्छ: आमा पूजा सामग्री लिनुभएको रैनछ, आउनुस् मेरोमा लिनुस् ।

**-सेतोपाटी डटकम**

